# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ५ को उपदफा (८) बमोजिम रहेको रकमान्तरको सीमा देहायको सेवा र कार्यको लागि कायम नहुने आदेश जारी गरेकोले सोही ऐनको दफा ११ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

(क) जेनजी आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने रकमको व्यवस्था गर्न।

(ख) जेनजी आन्दोलनका क्रममा भएको क्षतिबाट प्रभावितको लागि राहत तथा आर्थिक पुनरुत्थान र सार्वजनिक सेवा सुचारु गर्नका लागि रकम व्यवस्था गर्न।

(ग) आसन्न प्रतिनिधि सभाको निर्वाचनको लागि रकम व्यवस्था गर्न।

(घ) विपद्बाट उत्पन्न परिस्थितिको व्यवस्थापन तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने रकम व्यवस्था गर्न, र

(ङ) चालु महत्वपूर्ण आयोजनाहरूमा आवश्यक रकम व्यवस्था गर्न।

**आज्ञाले,**

**उत्तर कुमार खत्री**

**नेपाल सरकारको निमित्त सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार